झिमरुक गाउँपालिका

# झिमरुक राजपत्र

खण्डः५ संख्याः १६ मितिः २०७९/०९/२९

भाग २

झिमरुक गाउँपालिका

प्रस्तावित मिति २०७९/०९/२८

पारित मिति २०७९/०९/२९

## झिमरुक गाउँपालिकाको जेष्ठ नागरिक सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना-** जेष्ठ नागरिकको सुरक्षा संरक्षण विकास र सहभागिता अभिबृद्धि गर्दै जेष्ठ नागरिको सम्मान, पालन पोषण तथा जेष्ठ नागरिक मैत्री स्थानीय तह निर्माण गर्न जेष्ठ नागरिको सर्वोतम हित र अधिकार सम्बन्धी प्रचलित कानून, नेपालको सविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले परिकल्पना गरेका विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनिय भएकोले नेपालको सविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधकार प्रयोग गरी यो कार्यविधि वनाइ लागु गरिएको छ ।

## परिच्छेद १

१. सक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम गाउँपालिका स्तरिय जेष्ठ नागरिक सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०७९ हुने छ ।

ख)  यो कार्यविधि झिमरक गाउँ कार्यपालिकाको वैठकबाट स्विकृत भए पछि प्रारम्भ हुनेछ ।

२. परिभाषा  विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) कार्यविधि भन्नाले झिमरुक गाउँपालिकाको गाउँ स्तरिय जेष्ठ नागरिक सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०७९ लाई सम्झनु पर्दछ ।

ख) जेष्ठ नागरिक भन्नाले साठी वर्ष उमेर पुरा भएका  नेपाली नागरिकलाई सम्झनु पर्दछ ।

ग) स्थानीय तह  भन्नाले झिमरुक गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ) सञ्जाल भन्नाले झिमरुक गाउँपालिकामा गठन भएको गाउँ स्तरिय जेष्ठ नागरिक सञ्जालनलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २

३. गाउँपालिका तथा वडा स्तरिय जेष्ठ नागरिक सञ्जालको गठनको उदेश्य

क) जेष्ठ नागरिकको हक हित र अधिकारको लागि पहल गर्ने

ख) वडा तथा गाउँपालिका र अन्य सरोकारवाला सघ सस्थाहरु सग समन्वय गरी जेष्ठ नागरिकको हित प्रर्वधन र क्षमता अभिबृदिका कार्यक्रम सञ्चालन गर्ने ।

ग) गाउँपालिका क्षेत्रमा रहेका जेष्ठ नागिरकहरुलाइ सगठित गर्ने

घ) जेष्ठ नागरिकहरुको ज्ञान सिप र अनुभवको पहिचान गरी समाज विकासको लागि सदुपयोग गर्ने

ङ) जेष्ठ नागरिकहरुको सम्मान गर्ने

### ४. झिमरुक गाउँपालिकाको गाउँ स्तरिय जेष्ठ नागरिक सञ्जालको गठन

१. झिमरुक गाउँपालिकामा कम्तिमा ९ र वढीमा १५ सदस्यीय गाउँपालिका स्तरिय जेष्ठ नागरिक सञ्जालन रहने छ ।

२. प्रत्येक वडाको प्रतिनिधित्व हुने गरी उपस्थित भएका  जेष्ठ नागरिकहरुको भेलाले आफुहरु मध्येबाट एकजना संयोजक र सदस्यहरुको छनोट गर्नेछन ।

३. सञ्जालनमा गाउँपालिकाको प्रत्यक वडाको प्रतिनिधित्व हुने गरी प्रत्येक वडाबाट  कम्तिमा एक जना सदस्य रहने छन ।

४. गाउँपालिका स्तरिय जेष्ठ नागरिक सञ्जालको अगुवाइमा प्रत्येक वडाहरुमा वडा स्तरिय जेष्ठ नागरिक सञ्जाल गठन गरिने छ ।

५. वडा स्तरिय जेष्ठ नागरिक सञ्जालमा ७ देखि ९ सदस्यीय समिति गठन गरिने छ ।

६. समितिले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सहित ३ देखि ५ सदस्यीय सल्लाहकार समिति मनोनित गर्न सक्ने छ ।

७. सञ्जाल गठन गर्दा समावेशितालाई  समेत ध्यान दिनु पर्ने छ ।

८. यसरी गठन हुने वडा स्तरिय तथा  गाउँपालिका स्तरिय समितिको पदावधी ४ वर्षको हुने छ ।

९. समितिको वैठक अवश्यकता अनुसार वस्ने छ  ।

१०. समितिको वैठकमा सम्बन्धित समितिका संयोजक र सम्बन्धित शाखा प्रमुखलाई आमन्त्रण गर्न सकिन छ ।

## परिच्छेद- ३

### ५. गाउँ स्तरिय जेष्ठ नागरिक सञ्जालको काम कर्तव्य र अधिकार

१.  दफा ३ वमोजिम गठन भएको गाउँ स्तरिय जेष्ठ नागरिक सञ्जालको काम कर्तव्य र अधिकार देहाय वमोजिम  हुने छ ।

क) जेष्ठ नागरिकको सरक्षण, सामाजिक सुरक्षा लगाएतका विषयहरुमा गाउँपालिकालाई सल्लाह सुझाव दिने ।

ख) गाउँपालिकाले जेष्ठ नागरिक लक्षित कार्यक्रम सञ्चालन गर्दा समन्वय सहयोग र सहजिकरण गर्ने ।

ग) गाउँपालिका र अन्य निकायसँग समन्वय तथा सहकार्य गर्नु पर्ने भएमा सो को लागि आवश्यक व्यवस्था मिलाउनुको साथै सहयोगी भुमिका निर्वाह गर्ने ।

घ) गाउँपालिका र वडा समितिले सञ्चालन गर्ने अभियानहरु र कार्यक्रमहरुमा सहयोग र समन्वय गर्ने ।

ङ) जेष्ठ नागरिक मैत्री स्थानीय तह निर्माण गरी जेष्ठ नागरिको सर्वोतम हित र अधिकार सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

### ६. आर्थिक व्यवस्था

१. ज्येष्ठ नागरिक सञ्जालको  अध्यक्ष र समितिको निर्णय वमोजिम एक जना सदस्यको संयुक्त दस्तखतबाट कुनै बैंकमा आफ्नो छुट्टै खाता सञ्चालन हुने छ ।

२. उक्त खातामा देहाय वमोजिमको रकम रहने छ ।

क) गाउँपालिकाबाट प्राप्त हुने रकम ।

ख) अन्य कुनै सरकारी तथा गैर सरकारी संघ सस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम ।

ग) अन्य कुनै क्रियाकलापबाट सञ्चालनकै लागि संकलन गरिएको रकम ।

## ७. पूर्व स्वीकृती लिनु पर्ने

१. यस कार्यविधि वमोजिम गठित सञ्चालबाट कुनै कार्यक्रम सञ्चालन गर्नु पूर्व सम्वन्धित निकायको स्वीकती लिनु पर्ने छ भनि उल्लेख भएकोमा स्वीकृत लिएर मात्र कार्यक्रम सञ्चालन गर्नु पर्ने छ । स्वीकृत नलिइ कुनै कार्य गरेमा समिति पूर्ण रुपमा जवाफदेही हुनु पर्ने छ ।

# परिच्छेद- ४

८. कार्यविधिको व्याख्या र संशोधन

यो कार्यविधिको अन्तिम ब्याख्या गर्ने अधिकार झिमरुक गाउँपालिकामा निहित रहने छ । साथै यो कार्यविधिमा कुनै संशोधन वा थप घट गर्नु परेमा गाउँ कार्यपालिकाले मात्र गर्न सक्ने छ ।

९. खारेजी र वचाउ

यो कार्यविधि सघ, प्रदेश र गाउँसभाबाट पारित अन्य कानूनहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वंत खारेज हुने छ । साथै यो कार्यविधि लागु हुनु भन्दा पहिले भए गरेका काम कारवाहिहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

१०. प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा लेखिएका कुरा यसै कार्यविधि बमोजिम हुने र यस कार्यविधिमा नलेखिएका कुराहरु प्रचलित कानून बमोजिम हुने छ ।

झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट मिति २०७९/९/२८ गते पारित यो कार्यर्विधि झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली,२०७४ को नियम ३ को उपनियम ४ वमोजिम प्रमाणिकरण गर्दछु।

आज्ञाले
पवन कुमार शाही
(प्रमुख प्रशासकीय अधिकृत)